नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग

# अत्यन्त जरुरी सूचना

**सूचना!** **सूचना!!** **सूचना!!!**

विश्वभरि फैलिंदै गइरहेको नयाँ भेरियंट सहितको कोभिड-१९ महामारी नेपालमा समेत संक्रमण बढ्दै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारको मिति २०७८ वैशाख ६ गतेको निर्णय अनुसार सार्वजनिक स्थलमा २५ जना भन्दा वढी भेला हुन् नपाउने निर्णय भएको हुँदा कन्सुलर सेवा विभागको प्रमाणीकरण गर्ने कार्यका लागि विभाग परिसरमा सेवाग्राहीको भिडभाड नहुनेगरी कार्य व्यवस्थापन गर्न निम्न अनुसारको व्यवस्था गरिएको व्यहोरा आवश्यक जानकारीका लागि अनुरोध गरिन्छ ।

१ मिति २०७८ वैशाख १२ गते देखि लागु हुने गरि प्रमाणीकरणको समय विहान ८ बजे देखि बेलुका ५ बजे सम्म गरिएको छ।

२ प्रमाणीकरण कार्यका लागि सोधपुछ काउन्टरमा विहान ८ वजे देखि नै संकेत नम्बर सहितको फाराम वितरण गर्ने व्यवस्था मिति २०७८ वैशाख ८ गते देखि नै सुरु गरिने छ।

३ एक पटकमा २५ जनाका दरले सेवाग्राहीलाई संकेत नम्बरको क्रम अनुसार प्रमाणीकरण कार्यका लागि परिसर भित्र प्रवेश गराईने । सेवाग्राहीहरु आफ्नो संकेत नम्बर अनुसार मात्र विभागमा आउने व्यवस्था गरिने छ।

४ तोकिएको दुरी कायम गरी सेवाग्राहीहरु आफ्नो क्रम संख्या अनुसार विभाग परिसरमा बस्नु पर्ने छ।

५ नेपाल प्रहरीबाट Online मार्फत जारी हुने प्रहरी प्रतिवेदन (Police Clearance Certificate ) लाई निवेदक स्वयंले Online मार्फत रङ्गीन Print गरी काठमान्डौस्थित विदेशी नियोगहरुमा यस विभागको प्रमाणीकरण बिना नै पेश गर्न सकिने छ। यस सम्बन्धमा विभागबाट ३१ मे २०२० मा विदेशी नियोगहरुलाई जानकारी गराई सकिएको छ।

६ विदेशमा रहेका नेपालीहरुले विदेशको सम्बन्धित निकायमा प्रहरी प्रतिवेदन पेश गर्दा Online बाट आफैले प्रिन्ट गरेको रङ्गीन प्रति पेश गर्ने र सोको आधिकारिकता Online बाट बुझ्न सकिने व्यहोरा उक्त निकायलाई जानकारी गराउने। तथापि नेपाली नियोगबाट प्रमाणित प्रति नै पेश गर्नु पर्ने भएमा आफू बसेको देश हेर्ने नेपाली नियोगमा निवेदक स्वयंले Online मार्फत Print गरेको प्रहरी प्रतिवेदनको रङ्गीन प्रतिमा आवश्यक शुल्क तिरी प्रमाणीकरणका लागि निवेदन दिन सक्ने व्यवस्था गरिएको छ। यसरी प्रहरी प्रतिवेदन नेपाली नियोगमा पेश गर्दा यस विभागबाट प्रमाणीकरण गर्नु नपर्ने। यस सम्बन्धमा विदेशस्थित सवै नेपाली नियोगहरुलाई मिति २०७७/०२/१८ मा परिपत्र गरिसकिएको छ।

फोन नं. ४२६०१०८,४२६०१२१ फयाक्स ००९७७-१-४२६०११४

७ सेवाग्राहीले वैदेशिक रोजगारीमा जानका लागि प्रहरी प्रतिवेदन (Police Clearance Certificate) प्रमाणीकरण गराउनु पर्ने भएमा सम्बन्धित वैदेशिक रोजगार व्यवसायी मार्फत समेत प्रहरी प्रतिवेदन (Police Clearance Certificate) पठाउन सकिने छ (अतिआवश्यक भएमा मात्र स्वयं कन्सुलर सेवा विभागमा उपस्थित भई प्रमाणीकरण गराउनु हुन् अनुरोध छ)

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग
काठमाण्डौ

२०७८।१।१६